## मेची भन्सार कार्यालय काँकरभिट्टा झापाको सुरक्षा गार्ड सेवा करारमा लिने सम्वन्धी १५ दिने सूचना

**(प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०३/३०)**

**सिलबन्दी प्रस्ताव फाराम खरिद गर्ने अन्तिम मिति २०८३।०४।१२ गते सम्म**

**(सिलबन्दी प्रस्ताव फाराम पेश गर्ने अन्तिम मितिः २०८३/०४/१३ गते कार्यालय समय दिनको १२:०० बजे सम्म)**

(सिलबन्दी प्रस्ताव खोल्ने मितिः २०८३/०४/१३ गते दिनको, २:०० बजे मेची भन्सार कार्यालय काँकरभिट्टा, मुल कार्यालयको कार्यालय प्रमुखको कक्षमा)

कार्यालय कोर्ड नं ३०५०३१२०२

यस भन्सार कार्यालय अन्तर्गतको यात्रु शाखा परिसरमा रहेका मुल गेटमा रहि यात्रु शाखा,कर्मचारी आवास भवन लगायत सो परिसर भित्र रहेका भौतिक संरचना तथा वस्तुहरुको रातदिन दैनिक सुरक्षा व्यवस्थापन गर्न यस कार्यालयको मिति २०८३।०३।१६ को निर्णयानुसार सुरक्षा गार्ड संख्या ३ (तीन) करार सेवामा खरिद गर्न आवश्यक भएकोले सुरक्षा सम्वन्धी काम गर्ने इजाजत प्राप्त फर्म /कम्पनीले यस कार्यालयको स्वीकृत कार्य क्षेत्रगत शर्त (TOR) को अधीनमा रही सुरक्षा गार्ड सेवा करारमा लिन यस कार्यालयवाट प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र रु.१०००।०० (एक हजार मात्र,फिर्ता नहुने) राजश्व शिर्षक नं. १४२२९ (अन्यप्रशासनिक शुल्क) नेपाल वैंक लि. काँकरभिट्टा,शाखामा रहेको खाता नं. १०६०१०००००२००९००००१ मा बुझाई सिलवन्दी प्रस्ताव फाराम खरिद गरी ईच्छुक फर्म/कम्पनीले यस कार्यालयवाट जारी गरिएको सिलबन्दी प्रस्ताव फाराममा अंक र अक्षर स्पष्ट विवरण खुलाई सहिछाप गरी बन्दीखाम लाहाछाप गरी माथी उल्लेखित तोकिएको समय भित्र पेश गर्नुहुन सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ बमोजिम यो सूचना आह्वान गरिएको छ ।*(रु.१०००।०को राजश्व भौचर, स्वीकृत प्रस्ताव फाराम खरिद गर्न र आवश्यक थप जानकारीको लागि यस कार्यालयको प्रशासन/लेखा शाखामा सम्पर्क राख्न सक्नु हुनेछ।यो सूचना मेची भन्सार कार्यालयको Wibsite : mechi.customs.gov.np वाट पनि हेर्न सक्नु हुनेछ ।* सम्पर्क मोवाईल न. ९८५२०६०३३४।

### <u>कार्यालय सुरक्षा सेवा उपलब्ध गराउने कार्य क्षेत्र सहित (TOR):-</u>

१) **सेवा प्रदायकले गर्नुपर्ने कामको पृष्ठभूमि र उद्देश्य :** मेची भन्सार कार्यालय काँकरभिट्टा झापाको सुरक्षा सेवा गर्न (सुरक्षा गार्ड -३ जना) सेवा करारमा लिने कार्यका लागि प्रस्ताव माग गरिएको हो।

२) योग्यता :नेपाल सरकारबाट इजाजत प्राप्त सुरक्षा सम्बन्धी कार्य गर्ने ईजाजतपत्र प्राप्त फर्म/कम्पनीबाट मात्र सुरक्षा गार्ड सेवा करार खरिद गरिनेछ ।

३) खरिद विधि : कार्यालयले तोकेको समय सम्मका लागि सार्वजनिक सूचना आह्वान गरी सम्वन्धीत फर्म/कम्पनीहरुको सिलवन्दी प्रस्ताव माग गरी प्रतिस्पर्धाका माध्यमवाट सुरक्षा गार्ड सेवा करारमा लिनेछ ।

४) सेवा प्रदायकको कार्यक्षेत्र र सम्पन्न गर्नुपर्ने काम :

१. मेची भन्सार कार्यालय अन्तर्गतकोयात्रु शाखा (१ नं गेट)तर्फ रहेको मुल गेटमा रहि सोको परिसर, आवास भवन लगायत कार्यालयको कम्पाउण्ड तथा भवन भित्र तथा बाहिररहेका सवारी साधन, भौतिक मालसामान र कागजातहरुको २४सै घण्टा सुरक्षाको लागि बढीमा ८/८ घण्टा अलोपालो ३(तीन) जना सुरक्षाकर्मी खटाउनु पर्नेछ।

२. सुरक्षामा खटिने सुरक्षाकर्मीहरूलाई पारिश्रमिक एवं अन्य सुविधा सेवा प्रदायक फर्म/कम्पनीले प्रदान गर्नुपर्नेछ ।सुरक्षा सँग सम्वन्धित अनुभव भएको कर्मचारी खटाउनु पर्नेछ ।

अधिकृत

३. अन्य कार्य विवरण तल उल्लिखित बुँदा नं (८) बमोजिम हुन्छ ।

**५) सम्झौता अवधि :** सुरक्षा गार्ड सेवा करार सेवा खरिद प्रस्ताव स्वीकृत भई सम्झौता भएको आ. व. २०८३।८४ सम्मको लागि हुनेछ र तत् पश्चात प्रचलित ऐन नियम अनुसार नवीकरण गर्न सकिनेछ ।

**६) सेवा प्रदायकले प्राप्त गर्ने रकम प्रकृया र सुविधाः**

१. श्रम ऐन २०७४ को दफा ५९ अनुसार श्रमिक आपूर्तिकर्ता ईजाजज प्राप्त कम्पनीले लिएको इजाजजपत्र श्रम ऐन नियमावली, २०७४ को नियम ३० मा प्रत्येक बर्षको अशोज मसान्त भित्र नविकरण गराउनु पर्ने कानूनी व्यवस्था रहेको हुदा कार्तिक महिनाको रकम भुक्तानी गर्दा इजाजजपत्र नविकरण गरेको निस्सा लिएर मात्र भुक्तानी व्यवस्था कार्यालयवाट हुनेछ ।

२. कार्यालयले सेवा प्रदायकलाई सम्झौता बमोजिमको रकम मासिक रुपमा मुल्य अभिबृद्धि कर सहित भुक्तानीगर्नेछ। कार्यालयले सुरक्षामा खटिने सुरक्षाकर्मीलाई सेक्युरिटी पोस्ट (गार्ड रुम) उपलब्ध गराउनेछ ।अन्य भौतिक सुविधा उपलब्ध गराइने छैन। सुरक्षाकर्मीलाई ,आवश्यक अन्य दैनिक सामाग्री उपलब्ध गराउने कार्यको जिम्मेवारी सेवा प्रदायक संस्थाको हुनेछ ।

३. उल्लेखित शर्त अनुसारको कार्य सम्पन्न भएमा महिना भुक्तान भएपछि मात्र सम्झौता बिजक र सुरक्षामा खटिने गार्डको दैनिक हाजिरी प्रमाणितको आधारमा कार्यालयवाट रकम भुक्तानी हुनेछ। तोकिए बमोजिमको सुरक्षा गार्ड नखटिएमा वा कार्य नभएमा मासिक रकमलाई आधार मानी दामासाही रुपमा भुक्तानी हुनेछ ।

४. सम्झौता अवधिभरी कुनै मुल्य वृद्धि थप हुने छैन ।

५. तोकिएको रकममा कुनै थपशुल्क र सुविधा, विलम्ब शुल्क, नगद वा जिन्सी मालसामानहरू, खाजा खर्च, ओभरटाईम भत्ता, पोशाक भत्ता, चाडपर्व खर्च, औषधि उपचार खर्च,बिमा खर्च आदि कार्यालयवाट भुक्तानी दिईने छैन ।

६. प्रत्येक महिना भुक्तानी भएको ७ (सात) दिन भित्र सुरक्षागार्डहरूको मासिक हाजिरी विवरण सहित बिलविजक कार्यालयको नाममा जारी गर्नु पर्नेछ । कार्यालयले बजेट तथा अन्य आवश्यक व्यवस्था मिलाई सम्झौतामा उल्लेख भए अनुसार तोकिएको रकममा प्रचलित ऐन,नियमानुसार अग्रिम आयकर कट्टा गरि मु.अ.कर थप गरि हुन आउने रकम सोझै आपुर्तिकर्ताको बैंक खातामा भुक्तानी गरिनेछ ।

७. सुरक्षागार्डहरूको व्यक्तिगत नाममा कुनै पारिश्रमिक रकम कार्यालयवाट सोझै भुक्तानी हुने छैन ।

**७) यसमा उल्लेखित खरिद सम्बन्धी व्यवस्थाः** यसमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित श्रम ऐन,२०७४ बमोजिम हुनेछ ।

**८) कार्य विवरण (कार्यशर्तहरु) :**

१. नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको खण्ड ७५ संख्या २० नेपाल राजपत्र भाग ५ मिति २०८२ मा प्रकाशीत सूचना अनुसार न्युनतम पारीश्रमिक भुक्तानी हुने तथा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ अनुसार सामाजिक सुरक्षा कोषमा रकम जम्मा हुने सुनिश्चित सेवा प्रदायक संस्थाले गर्नुपर्नेछ

२. श्रमिक आपूर्तिकर्ताले सामाजिक सुरक्षा कोषमा आवद्धता प्रमाणपत्र र खटिने सुरक्षा गार्डको समाजिक सुरक्षा कोष परिचयपत्र नं अनिवार्य रुपमा कार्यालयमा पेश गर्नु पर्नेछ ।

३. सुरक्षा गार्डमा खटिने व्यक्ति शारिरीक,मानसिक तन्दुरूस्त, निरोगी दूरदृष्टि भएको आँखा र श्रवण (सुन्ने) शक्ति कमजोर नभएको साथै २५ वर्ष पुरा भई ५५ वर्ष ननाघेको हुनु पर्नेछ ।

४. सेवा प्रदायकले मेची भन्सार कार्यालय अन्तर्गतको यात्रु शाखा (१ नं गेट)तर्फ रहेको मुल गेटमा रहि सोको कार्यालय,आवास भवन लगायतको परिसरमा रहेका सवारी साधन, भौतिक मालसामान र कागजपत्र समेतको

सुरक्षाका लागि दिनरात ८/८ घण्टा भन्दा बढी नहुनेगरी वा आलोपालो गरी ३(तीन)जना सुरक्षाकर्मीबाट कार्यालयले तोके अनुसारको सुरक्षा प्रबन्ध २४सै घण्टा गर्नुपर्नेछ ।

५. आचरण उच्च, शारीरिक क्षमता सबल भएका तथा अनुभव भएका व्यक्ति मात्र आपूर्तिकर्ताले खटाउनु पर्नेछ ।

६. सरकारले तोकेको न्यूनतम योग्यता सेवा प्रदायकले पूरा गरेको हुनु पर्नेछ ।

७. श्रम ऐन, २०७४ बमोजिम सेवा प्रदायकले खटिने सुरक्षाकर्मीको आवश्यक सेवा सुविधाको व्यवस्था गर्नु पर्नेछ ।

८. सेवा प्रदायकले कार्यालयमा घट्न सक्ने कुनै पनि आकस्मिक घटनाको सुरक्षा गर्नु पर्नेछ ।कार्यालयको सुरक्षा गर्न खटिएका व्यक्तिले कार्यालयमा कुनै अप्रिय घटना र अवाञ्छित गतिविधि हुन नदिन पूर्ण सतर्कता अपनाउनु पर्नेछ ।

९. सेवा प्रदान गर्ने क्रममा कुनै किसिमको असामान्य गतिविधि, घटना वा दुर्घटना भएको अवस्थामा तुरुन्तै मेची भन्सार कार्यालय प्रमुख वा सोको प्रशासन शाखा वा सम्बन्धित सुरक्षा निकायलाई समयमा नै जानकारी गराउनु पर्नेछ ।

१०.कार्यालयमा सुरक्षा गार्डले प्रदान गरेको सेवा सन्तोषजनक हुनु पर्नेछ । सेवा सन्तोषजनक नदेखिएमा वा सेवा प्रदान गर्ने क्रममा अनुशासनहीनता देखिएमा कार्यालयले करार सम्झौता रद्द गर्न सक्नेछ ।

११.सेवा प्रदायकले आफ्नो कर्मचारीको अनुशासन, आचरण तथा जिम्मेवारीप्रति पूर्ण जिम्मेवारी लिनु पर्नेछ ।

१२.सुरक्षा गार्डले कार्यालयको प्रचलित नियम, कानुन, आचारसंहिता तथा निर्देशनहरुको पालना गर्नु पर्नेछ ।

१३.सुरक्षा सेवा प्रदान गर्दा कार्यालयको गोप्य कागजात, सूचना तथा विवरण बाहिर नजान दिने जिम्मेवारी सुरक्षा गार्डको हुनेछ र कार्यालयको सम्पूर्ण विवरण गोप्य राख्नु पर्नेछ ।

१४.सुरक्षा सेवाको अवधि समाप्त भएपछि वा करार रद्द भएमा कार्यालयको सम्पूर्ण सामान, पास कार्ड, सामग्रीहरु फिर्ता बुझाउनु पर्नेछ ।

१५.सुरक्षा सेवा प्रदान गर्ने क्रममा सुरक्षा गार्डको कुनै किसिमको क्षति भएमा सोको सम्पूर्ण जिम्मेवारी सेवा प्रदायकको हुनेछ ।

१६.कार्यालय परिसर भित्र धूम्रपान, मदिरा सेवन तथा अन्य लागूपदार्थ सेवन गर्न पूर्ण रुपमा निषेध गरिएको छ ।

१७.सेवा प्रदायकले आवश्यक पोशाक, परिचयपत्र तथा सुरक्षा सामग्री उपलब्ध गराउनु पर्नेछ ।

१८. सुरक्षा गार्डहरुले कार्यालय समय, बिदा, हाजिरी तथा ड्युटी तालिका प्रचलित ऐन नियम अनुसार कार्य गर्नु पर्नेछ

१९.सेवा प्रदायकले यस कार्यालयमा खटिने सुरक्षा गार्डको व्यक्तिगत बिवरण, हाजिरी अभिलेख,कस्लाई कुन कुन दिन, कति बजे देखि कति बजेसम्म कुन सिफ्टको डयूटी गर्ने भन्ने डियूटी लिष्ट एक साता अघि यस कार्यालयमा पेश गर्नु पर्नेछ।

२०.सम्झौताको म्याद समाप्त भएपछि पनि कार्यालयले आवश्यक ठानेमा आदेश अनुसार २५% थप समय सम्म आपूर्तिकर्ताले सेवा उपलब्ध गराउनु पर्नेछ ।

२१.यस सम्बन्धमा सुरक्षामा खटिने कर्मचारीको गुनासो एव सुनुवाई सम्बन्धित सेवा प्रदायकको हुनेछ ।

२२. आवश्यक शर्तहरु थपघट गर्न सक्ने बिषय कार्यालयमा निहित रहनेछ ।

२३.यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

२४.कारण जनाई वा नजनाई प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

**९) सेवा करार आपूर्तिकर्ताले पेश गर्नुपर्ने कागजात:**

१. फर्म/कम्पनी दर्ताको प्रमाणपत्र, VAT/PAN प्रमाणपत्र, आ.ब.२०८१।८२को करचुक्ता प्रमाणपत्र, सम्बन्धीत फर्म/कम्पनीको व्यवसाय प्रमाणपत्र र सुरक्षा गार्ड खटाउने इजाजत प्राप्त अन्य आवश्यक कागजातहरु ।

२. अन्य: उल्लेखित TOR बमोजिमको कागजात ।

अधिकृत

१०) प्रस्तबदाताले भर्ने दरभाउपत्र (BOQ)

| सि नं | श्रम ऐन/नियमावली बमोजिम | प्रति जनाको मासिक पारीश्रमिक अंकमा रु. | प्रति जनाको मासिक पारीश्रमिक अक्षरमा रु. | तीन जना सुरक्षा गार्डको मासिक पारीश्रमिक जम्मा रु. |
|---|---|---|---|---|
| क) | मासिक पारीश्रमिक वापत | | | |
| १ | प्रति जना सुरक्षागार्डको आधारभुत पारीश्रमिक रु | १२१७०.०० | बाह्रहजार एकसय सत्तरी मात्र । | ३६५१०.०० |
| २ | मंहगी भत्ता रु | ७३८०.०० | सातहजार तीनसय असी मात्र । | २२१४०.०० |
| | जम्मा(क) | १९५५०.०० | उन्नाईसहजार पाँचसय पचास मात्र । | ५८६५०.०० |
| ख) | सुविधा वापत | | | |
| १ | संचय कोष(आधारभूत पारिश्रमिकको १०% रोजगारदाताले थप गर्नुपर्ने) | १२१७.०० | एकहजार दुईसय सत्र मात्र । | ३६५१.०० |
| २ | उपदान(रोजगारदाताले आधारभूत पारिश्रकिको ८.३३%थप गर्नुपर्ने) | १०१३.७६ | एकहजार तेह्र पैसा छियत्तर मात्र । | ३०४१.२८ |
| ३ | सामाजिक सुरक्षा कोषमा योगदान(आधारभूत पारिश्रमिकको १.६६% रोजगारदाताले थप गर्ने) | २०३.२४ | दुईसय तीन पैसा चौबिस मात्र । | ६०९.७२ |
| ४ | संचित घर बिदा(काम गरेको अवधिको २०दिनको १ दिनका दरले पारिश्रमिक) | ७०२.१२ | सातसय दुई पैसा बाह्र मात्र । | २१०६.३६ |
| ५ | संचित बिरामी बिदा (बार्षिक१२ दिन पारीश्रमिक) | ४६८.०८ | चारसय अटसठी पैसा जिरो आठ पैसा मात्र । | १४०४.२४ |
| ६ | चाडपर्बखर्च(प्रत्येक बर्ष १महिनाको आधारभूत पारिश्रमिक बरावर) | १०१४.१७ | एकहजार चौध पैसा सत्र मात्र । | ३०४२.५१ |
| | जम्मा(ख) | ४६१८.३७ | चारहजार छसय अठाह पैसा सैतिस मात्र । | १३८५५.११ |
| ग) | *थप दिन पनि काम गर्ने श्रमिकको हकमा* | | | |
| १ | सार्बजनिक बिदामा कामको थप एकमुष्टमा रु | २८०८.४८ | दुईहजार आठसय आठ पैसा अटचालिस मात्र । | ८४२५.४४ |
| २ | बढी समय काम गरे वापतको प्रति घण्टा थप रकम | ७६०.६३ | सातसय साठी पैसा त्रिसठी मात्र । | २२८१.८९ |
| | जम्मा(ग) | ३५६९.११ | तीनहजार पाँचसय उनानसत्तरी पैसा एघार मात्र । | १०७०७.३३ |
| | एक जना सुरक्षा गार्डको मासिक कुल जम्मा (क+ख+ग) | २७७३७.४८ | सत्ताईसहजार सातसय सैतिस पैसा अटचालिस मात्र । | ८३२१२.४४ |
| घ) | व्यवस्थापन खर्च क+ख+ग को (ओभरहेड बढीमा १०% -दश प्रतिशत सम्म) जम्मा | | | |
| | १३% भ्याट | | | |
| | तीन जनाको कुल योग (क+ख+ग + घ) | | | |



अधिकृत

प्रमुख भन्सार अधिकृत

- उल्लेखित तीन जना सुरक्षा गार्ड सेवा करार खरिद आ. ब. २०८३।८४ सम्मको लागि हुनेछ ।स्वीकृत दरभाउ मासिक कबोल पारीश्रमिक कै दरमा सम्झौताको रकम रे समय कायम गरिनेछ ।
- प्रस्ताव दरभाउपत्रको खाली ठाउँमा मासिक दर र जम्मा रकम स्पष्ट उल्लेख गरी हस्ताक्षर तथा छाप सहित लाहाछाप बन्दीखाम गरी फर्म/कम्पनीको नाम ठेगाना विषय र सम्पर्क नं. इमेल सहित पेश गर्नु पर्नेछ ।

## निवेदनको ढाँचा

मिति :-

**श्रीमान् प्रमुख भन्सार अधिकृत ज्यू,**
**मेची भन्सार कार्यालय काँकरभिट्टा, झापा ।**

विषयः- सुरक्षा गार्ड सेवा करारमा लिने सम्बन्धमा प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति२०८३।०३।३० मा प्रकाशित "सुरक्षागार्ड सेवा करारमा लिने सम्बन्धी सूचना बमोजिम आ.व. २०८३/०८४ का लागि आवश्यक ३ (तीन)जना सुरक्षा गार्ड सेवा करारमा उपलब्ध गराउने सम्बन्धमा हाम्रो फर्म/कम्पनीले सूचना तथा कार्यक्षेत्रगत शर्तको पूर्ण अध्ययन गरी तोकिएको शर्त र प्रचलित कानून बमोजिम सेवा प्रदान गर्ने प्रतिबद्धता सहित यो निवेदन तथा प्रस्ताव पेश गरेका छौं। हाम्रो फर्म/कम्पनीले श्रम ऐन, २०७४ तथा श्रम नियमावली, २०७५ बमोजिम आवश्यक सेवा सुविधा उपलब्ध गराई अनुभवयुक्त, अनुशासित तथा योग्य सुरक्षाकर्मी खटाउने प्रतिबद्धता व्यक्त गर्दछ। साथै, कार्यालयले तोकेको कार्यविवरण अनुसार ८/८ घण्टाको पालो प्रणालीमा तीन जना सुरक्षाकर्मी खटाई तोकिएको कार्यालय परिसर तथा सम्पत्तिको पूर्ण सुरक्षा सुनिश्चित गर्नेछौं। यस सम्बन्धमा आवश्यक कागजातहरू (कम्पनी दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, इजाजतपत्र, सामाजिक सुरक्षा कोषमा दर्ता प्रमाण तथा अन्य आवश्यक कागजातहरू) सिलबन्दी गरी संलग्न गरिएको छ। साथै, बुँदा नं. (८) बमोजिम प्रस्तावित दरभाउपत्र (BOQ) स्पष्ट उल्लेख गरी हस्ताक्षर तथा छाप सहित पेश गरिएको छ ।

<u>निवेदक</u>

सहि:-
नाम:-
पदः-
फर्म कम्पनीको नाम/छाप :-
सम्पर्क नं
मिति:-